गौमुखी गाउँपालिका अध्यक्ष श्री बिष्णु कुमार गिरी ज्युले दशौं गाउँसभा समक्ष प्रस्तुत गर्नु भएको

# आर्थिक बर्ष २०७८/७९ को बार्षिक नीति तथा कार्यक्रम

२०७८ आषाढ १० गते

लिवासे, प्युठान

**गाउँसभाका सदस्यहरु,**

**अन्य दर्शक दिर्घामा रहनुभएका विशिष्ट व्यक्तिहरु,**

- यस गरिमामय सभासमक्ष यस गाउँपालिकाको आ.व. २०७८/७९ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दैगर्दा कोरोना भाइसरको विश्वव्यापी महामारीले गर्दा देश र समुदायले बेहोर्नु परेको असहज परिस्थितिमा सामाजिक, आर्थिक तथा जीवन रक्षाको समस्याले पारेको प्रभावको अनुभव गर्दा गम्भिर भएको छु। साथै यस कोरोना भाइरसको संक्रमणबाट ज्यान गुमाएकाहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै संक्रमित भएकाहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।
- साथै यस महामारीको रोकथाम र नियन्त्रणको लागी गरिएको बन्दाबन्दीको वेला गरीएको भौतिक दुरिको पालना गरी बन्दाबन्दीको बेला अनुशाशित भइ धैयतासहित साथ देखाएकोमा आमसमुदाय प्रति आभार व्यक्त गर्न चाहान्छु।सँगै यस रोकथाम र नियन्त्रणमा अग्रमोर्चामा खटिने स्वास्थ्यकर्मि, सुरक्षाकर्मी, तथा व्वस्थापनमा खट्ने कर्मचारी लगाएत सवैलाइ हार्दिक धन्यबाद दिन चाहान्छु।र यसै प्रकारका साथ सहयोग र अनुशासन अपेक्षा समेत राख्दछु । यस्तै धैर्यता, एक्यबद्धता, सहकार्य र अनुशासनले पक्कै यो महामारीबाट लड्न थप बल पुग्नेछ भन्ने आशा लिएको छु।
- साथै यस क्षणमा म संघीय लोकतान्त्रिक गणतन्त्रसम्मको राजनैतिक आन्दोलनमा राष्ट्र र जनताको हितको लागि आफ्नो अमूल्य जीवन अर्पण गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति उच्च सम्मानको साथ भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु। घाइते योद्धाहरु र वेपत्ता नागरिकहरु प्रति उच्च सम्मान प्रकट गर्दछु।
- सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले लोकतान्त्रिक विधिबाट निर्वाचित गरेका स्थानीय तहका जतप्रतिनिधिहरुको सम्मान र गरिमा प्रति यस गाउँपालिका सचेत छ। नेपालको संविधानले तीन तहको सरकारको प्रबन्ध गरेअनुरुप संवैधानिक अधिकार र कर्तव्यको पालना गर्ने र गराउने कुरामा यस गाउँपालिकाको सरकार सजग छ। स्थानीय सरकार लोकतन्त्रका आधारभूत मुल्यमान्यता, बहुलबादी खुला समाज, मानव अधिकार, स्वतन्त्र न्यायपालिका, प्रेस स्वतन्त्रता र विधिको शासन प्रति पुर्ण प्रतिवद्ध छ। लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिको रुपमा स्थापित गर्ने कुरामा स्थानीय सरकार हरपल प्रयत्नशील छ।
- गौमुखी गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थिक, तथा साँस्कृतिक विविधतालाई आत्मसात गर्दै स्थानीय सरकार सन्तुलित र समन्यायीक विकासको बाटोमा अघि बढ्न दृढ छ। यस गाउँपालिकाको समृद्धि भन्नुनै राष्ट्रको समृद्धि हो भन्ने मान्यताका आधारमा स्थानीय सरकार सुशासन, विकास र समृद्धिको बाटोमा अघि बढीरहेको छ। मालिक होइनौं, सेवक हौं भन्ने मान्यतामा आधारित जनउत्तरदायी सरकार, भष्ट्रचारमुक्त शासन पद्धति, पारदर्शी, मेहनती र सहयोगी प्रशासन यन्त्रबाटनै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई गौमुखी गाउँपालिकाले आफ्नो मार्गदर्शनको रुपमा ग्रहण गरेको छ।

**सभाका सदस्यहरु,**

**अन्य सबै महानुभावहरु,**

- अब म आर्थिक बर्ष २०७७/७८ मा अघि बढाइएका निति तथा कार्यक्रमको समिक्षा संक्षेपमा चर्चा गर्दछु।
- यस गाउँपालिकाको प्रमुख कार्यक्रम खरको छाना विस्तापित कार्यक्रम अन्तर्गत खरको छाना हुने विपन्न परिवारको लागि जस्तापाता वितरण गर्ने कार्यक्रम निरन्तर चलिरहेको छ। गत आ.व. सम्ममा १५७६ घरपरिवारले आफ्नो घरको छाना जस्तापाताले छाइसकेका छन्। यसै कार्यक्रमको निरन्तरता स्वरुप यस वर्ष १९ घर परिवारलाइ जस्ता पाता वितरण गरिएको छ। यसमा जम्मा १० लाख बजेट खर्च भएको

छ। जसले हालसम्म कुल १५९५ जना घरपरिवार यसबाट लाभान्वित भएका छन। यसबाट गरिब जनताको आवसमा सुधार भई गुणस्तरीय जीवनयापनमा सहयोग पुगेको छ र अझ महत्वपुर्ण कुरा त उनीहरुको सामाजिक हैसियत माथी उठेको छ। साथै गाउँपालिकालाई खरको छानामुक्त गाउँपालिका घोषणा गरिनेछ।

- गत आर्थिक बर्षमा ७ वटै वडामा वडा भवन निर्माण कार्य सम्पन्न गरिएकोमा चालु आवमा थप सुधार तथा व्यवस्थापनको काम सम्पन्न भएको छ। ३० लाख वजेट खर्च गरिएको छ। यससँगै गाउँपालिकाका सवै वडा कार्यालय व्यवस्थित सुविधासम्पन्न भवनमा संचालन भइरहेका छन्।
- विद्यालयको भौतिक पुर्वाधारतर्फ जनकल्याण आवि, महेन्द्र प्रावि, देउराली सुन्दर प्रावि, रातामाटा प्रावि, नेराआवि नेटा, जनज्योती आवि, भुमेकाथान प्रावि, भानु प्रावि, भृकुटि मावि, सयपत्री प्रावि, गौमुखी मावि गरी १० वटा विद्यालयका भवन निर्माणको लागि एक करोड २२ लाख बजेटमा खर्च भइ सो निर्माण कार्य सम्पन्न गरिएको छ। यसबाट शैक्षिक क्रियाकलाप संचालन गर्न सहयोग पुग्नुका साथै शैक्षिक वातावरण समेत सुधार हुनेछ । साथै यस वर्ष गाउँपालिकाभरिका सम्पुर्ण विद्यालयहरुमा कक्षा ५ सम्मका वालबालिकाहरुलाइ दिवा खाजा कार्यक्रम राखिएको छ। यसबाट विद्यालयमा विद्यार्थीको उपस्थितिमा सुधार आएको प्रतिकृया प्राप्त भएको छ ।
- विकासको मुल आधार बाटो हो।यसले बस्तु तथा सेवाको कारोबारमा सहजता पुर्याउनुको साथै बस्तीहरुबीचको दुरी घटाउन सहयोग गर्दछ।यस आर्थिक बर्षमा अर्खामा एउटा ठुला नयाँ बाटो निर्माण सम्पन्न गरिएको छ। नयाँ तथा मर्मत गरी कुल ४५ वटा बाटो मर्मत तथा नयाँ ट्र्याक निर्माणको कार्य सम्पन्न गरिएको छ। यसले यातायातको सुविधामा थप टेवा पुगेको छ।
- यसै आ.व.मा अर्खामा २ वटा खलुखोला र सोखोला झोलङ्गे पुल निर्माण सम्पन्न गरीएको छ। जसमा प्रदेश समपुरक र गाउँपालिको गरि कुल १ करोड खर्च गरिएको छ। जसले अर्खामा वर्षायाममा समय आवतजावत गर्न धेरै सुविधा भएको छ।
- यस आवमा खानेपानी तथा सरसफाइ तर्फ भौतिक पुर्वाधार मन्त्रालयको साझेदारीमा खानेपानी तथा सरसफाइ स्वच्छता योजना निर्माण सम्पन्न भएको छ। यसैको प्राथमिकतामा वडा नं. ७ मा नारिकोट सालिविसौना लिफ्ट खानेपानी योजना निर्माण कार्य प्रारम्भ गरिएको छ। भने सवै वडाहरुमा साना ठुला गरि कुल २१ वटा योजना सम्पन्न गरिएको छ। यसमा कुल १ करोड ८७ लाख खर्च गरिएको छ।
- यसै आवमा गौमुखी गाउँपालिका वडा नं. ४ पुजामा दहकाबगर सासिवाङ्ग तिस्का गाउँफाटा सिंचाइ योजना र वडा नं. ५ खुङ्गमा ओडारघाट ढाँडसिरा दशमुरे बाह्रमुरे हुँदं अगरा जडनखेत सिंचाइ योजना गरि २ वटा ठुला सिचाइ योजना निर्माण सम्पन्न गरिएको छ। जसमा प्रदेश समपुरक र संघ समपुरक गरि कुल १ करोड ८० लाख लगानी गरिएको छ। भने थप ७ वटा साना ठुला सिंचाइ निर्माण योजना सम्पन्न गरिएको छ।जसले हिउँदे समयमा सिंचाइ सुविधाले स्थानिय कृषी उपजको उत्पादकत्वमा थप वृद्धि गर्नेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगारहरुको तथ्याङ्क संकलन गर्ने र १०९८ जनाको अनलाइन प्रविष्टी गर्ने काम सम्पन्न भएको छ।भने सवै वडामा कुल ३६ वटा योजना संचालन गरिएको छ। यसबाट २८७ जनालाइ १०० दिनको रोजगार सृजना गरिएको छ।यसमा १ करोड ४७ लाख रकम खर्च भएको छ।
- यस आ.व.मा गाउँपालिकाको पशु सेवा क्षेत्र अन्तर्गत ७ वटै वडामा २० जना कृषकलाई १० हजारका दरले भकारो सुधारमा सहयोग गरीएको छ। बाख्राको खोर सुधारको लागि ३७ जना कृषकलाई २०

हजारका दरले लगानी गरिएको छ। परजिवि नियन्त्रण कार्यक्रम अन्तर्गत ७ वटै वडामा २५ जनाका दरले समुह गठन गरि परिचालन तथा व्यवस्थापन गरिएको छ। अर्खा, पुजा, खुङ्ग र लिवाङ्गमा गरि १५०० पशु चौपायाहरुलाई खोप संचालन गरिएको छ। कृषकसँग प्राविधिक कार्यक्रम मार्फत वडास्तरमा कृषक अभिमुखीकरण तथा पशु औषधी वितरण सवै वडामा संचालन गरिएको छ।

- गाउँपालिकाको कृषी कार्यक्रम अन्तर्गत ७ वटा वडामा कृषी स्वरोजगार वृद्धि गर्नको लागि १७ वटा व्यवसायिक फर्महरु छनोट गरी कार्यक्रम संचालन तथा व्यवस्थापन गरिएको छ। ४२ जना कृषकलाई प्लाष्टिक टनेल, ६५ कृषकलाई मसला वालीको विउ, ४२ जना कृषकलाई थोपा सिंचाई प्रविधि सेट वितरण गरिएको छ।आकष्मिक बालि संरक्षण कोषबाट ३ जना कृषकलाइ सहयोग गरिएको तथा एक वडा एक कृषी कार्यक्रम अन्तर्गत सलह किराले नोक्सान गरेको क्षतिपुर्ती ७१५ जना कृषकलाई वितरण गरिएको छ।
- त्यसै गरि कोभिड प्रभावित भई गाउँ फर्केका कृषकलाई उत्पादन सामग्रीमा अनुदान कार्यक्रमबाट ७ वटै वडामा ८७ जना कृषकलाई २० हजारका दरले कृषी अनुदान प्रदान गरिएको छ। कृषकहरुलाई ७५ प्रतिशत अनुदानमा कृषी औजार कार्यक्रमबाट २१ वटा मिल, ७ वटा मिनिटेलर, २१ वटा बादर धपाउने मेशिन, ३ वटा थ्रेसर, ५६ वटा टनेल, ७ वटा कोदो थ्रेसर वितरण गरिएको छ।
- प्रदेश सरकारसँगको साझेदारी अन्तर्गत ५० प्रतिशत अनुदानमा ४५ जना कृषकलाई कुल १७ लाख ५० हजार बराबरको साना कृषी सामग्री वितरण गरिएको छ।
- अर्खामा अलैची खेतीको सहयोगको लागि ८० जना कृषकलाई १० लाख बरावरबो अनुदान वितरण गरिएको छ।
- पञ्जिकरण अन्तर्गत गाउँपालिकाभर यस आ.व.मा कुल १०४८ व्यक्तिगत घटना दर्ता भएका छन। सामाजिक सुरक्षा भत्ताको लागि नयाँ थपिएका कुल ५९४ जना रहेका एमआईएस प्रणालीमा लगत कट्टा गरिएका ४४७ जना रहेका छन।
- सवै वडाहरुमा व्यक्तिगत घटना दर्ता शिविर संचालन गरि कुल ८४३ जनाको घटना दर्ता गरिएको छ। यसै आ.व. देखि बैंक मार्फत सामाजिक सुरक्षा वितरण गरिएको छ भने हस्तलिखित दर्ता भएका कुल २६३१४ घटनालाई डिजिटाइजेशन गरिएको छ।
- महिला तथा बालवालिकातर्फ ३५ जना क वर्गका अपाङ्गहरुलाई फिल्टर वितरण, आमा समुहहरुलाई ७ वटा बेसार पिसानी मिल तथा ग वर्गका १२१ जना अपाङ्गहरुलाई लोकल कुखुरा वितरण गरिएको छ । साथै विभिन्न सचेतनामुलक कार्यक्रमहरु संचालन गरिएका छन्।
- यसैगरी गाउँपालिकाको न्यायीक समिति तथा मेलमिलापकर्तालाइ मेलमिलाप सम्बन्धी पुनर्ताजगी तालिम र मुलकी देवानी संहिता अनुशिक्षण तालिम सम्पन्न गरिएको छ। यसैगरी यस आ.व. मा कुल ३७ वटा न्यायीक समिति मार्फत विवाद निरुपण गरिएको छ। यस्तै वडाहरुमा जम्मा २७८ वटा विवाद मेलमिलापकर्ता मार्फत निरुपण गरिएको छ। साथै गाउँपालिकाको राजपत्र प्रकाशन गरिएको छ।
- स्वास्थ्य क्षेत्रमा गाउँपालिकाका रजवारा लामिवगर र खुङ्ग खालमा गरी २ वटा सामुदायीक स्वास्थ्य केन्द्र स्थापना गरी स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गरिएको छ। जसमा २ जना अनमीले स्वास्थ्य सेवा सञ्चालन गरिरहेका छन् ।
- पुजा स्वास्थ्य चौकिमा निरन्तर चिकित्सकिय सेवा प्रदान गर्ने कार्यको निरन्तरता दिनको लागी एमविविएस चिकित्सकलाइ व्यवस्थापन गरिएको छ। यसबाट नियमित सेवा प्रदान हुनुका साथै महामारीको रुपमा

फैलिएको कोभिड १९ रोगको उपचारमा समेत सहयोग हुनेछ। साथै कोभिड आइसोलेसन अस्पत्ताल नियमित रुपमा संचालनमा रहेको छ।

- गाउँपालिकास्तरिय अस्पत्ताल निर्माणको लागि ठेक्का प्रक्रिया अगाडी वढाइएको छ। यस अस्पत्तालको लागि करिव १८ करोड लगानि गरिने छ। साथै अर्खा र पुजा खलाचौर, मष्टाथान, बाग्लिबाङ्गमा ४ वटा सामुदायिक स्वास्थ्य इकाइको भवन निर्माण सम्पन्न गरिएको छ। जसमा ४६ लाख ५० हजार रकम लगानी गरिएको छ।जसबाट स्वास्थ्य सेवा प्रवाहमा थप सहजता पुग्नेछ।
- जेष्ठ नागरिक आखा स्क्रिनिङ्ग तथा निशुल्क मोतिविन्दु अपरेशन १०४ जनालाई गरिएको छ। निशुल्क आयूर्वेद तथा एकिकृत स्वास्थ्य शिविर संचालन गरिएको छ। यस शिविरबाट १२३० जनाले स्वास्थ्य उपचार सेवा पाएका थिए।

**गाउँसभाका सदस्यहरु,**
**सबै महानुभावहरु,**

- अव म आर्थिक बर्ष २०७८/७९ को बार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु।
- आवश्यकता, लागत, समय, अपेक्षित प्रतिफल तथा प्रभावको आधारमा आयोजना तथा कार्यक्रमको बर्गीकरण तथा प्राथमिकरण गरी सन्तुलित रुपमा स्रोतको परिचालन गरिने छ। आयोजना र कार्यक्रमको संख्याभन्दा गुणात्मक पक्षमा जोड दिइनेछ।
- साथै कोरोना भाइरसको महामारीले गर्दा देशकै अर्थव्यवस्थामा समेत प्रभाव पार्ने निश्चित देखिरहेको अवस्थामा गाउँपालिकाले यसबाट हुने प्रभावलाइ न्यूनिकरण गर्ने खालका योजना बनाइ कार्यान्वयनमा जोड दिइने छ। यसलाइ मध्यनजर गरि आगामी वर्षको लागी छुट्टै कोरोना विशेष कोष छुट्याइने छ। साथै उपचारमा सहजताको लागी चिकित्सकिय सेवाको निरन्तरता दिइनेछ। कार्यक्रम तथा योजनाहरु भारत तथा तेस्रो मुलुकबाट आएकाहरुलाइ रोजगार वृद्धि गर्ने खालका छनौट गरिनेछ। आन्तरिक उत्पादनलाइ वृद्धी गरि आत्मनिर्भर तर्फ उन्मुखको लागी कृषी तथा पशु पालन क्षेत्रमा थप जोड दिइने छ।
- गाउँपालिकाको राजस्व स्रोत परिचालनको सम्भाव्यता अध्ययन गरी आन्तरिक स्रोत वृद्धिको लागी योजनाबद्ध प्रयास गरिनेछ। आन्तरिक आम्दानीको लेखांकन पद्धतिलाई अनलाइन बनाइनेछ।गाउँपालिका भित्र संचालित जुनसुकै प्रकारको व्यवसायलाई गाउँपालिकाको कार्यालयमा दर्ता तथा नविकरणलाई अनिवार्य बनाइनेछ।
- कृषिको आधुनिकरण, व्यवसायीकरण र यान्त्रिकरण गरी कृषिजन्य उद्योगमार्फत विकासको आधार तयार गरिनेछ।कृषक समूह र सहकारीको गठनलाई प्रोत्साहन गरिनेछ। कृषिमा यान्त्रिकरणको लागी कृषि उपकरण खरिद गर्न विशेष अनुदान उपलब्ध गराइनेछ।
- स्थानिय तहको संभावनाको आधारमा कृषी उपजहरु भण्डारणका लागी प्रदेश सरकारका निकायहरुको समन्वयमा कोल्ड रुम र कोल्ड च्याम्वर निर्माण तथा संचालनमा जोड दिइनेछ।
- **गाउँमै श्रम गाउँमै पसिना**को निति अनुरुप कृषी क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिका कार्यक्रमहरु अघि बढाइने छ। अनावश्यक खर्चमा कटौती गरी आवश्यक योजना तथा कार्यक्रममा बजेट बिनियोजन गरिनेछ।कृर्षी प्राविधिक सेवा तथा उत्पादन सामग्रीहरुको उपलब्धतामा जोड दिइनेछ। अनुदान दिने प्रक्रियालाइ थप विश्वसनिय, प्रभावकारी र पहुचँमा वृद्धि हुने गरि परिष्कृत गरिनेछ।

- कृषी तथा पशुजन्य बस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न बालीहरुको बीउ प्रतिस्थापन तथा पशु नश्ल सुधारका कार्यक्रमहरु संचालन गरिनेछ। साथै कृषी तथा पशुजन्य बस्तु तथा उत्पादनको बजारिकरण तथा व्यवसायिकरणमा जोड दिइनछ।
- कृषी र पशुपालन क्षेत्रमा विपदबाट हुनसक्ने क्षतिको न्यूनिकरण, उद्धार तथा राहतका कार्यक्रम संचालन गरिनेछ। कृषी तथा पशुपंक्षी कार्यक्रममा कृषकको पहुचँमा वृद्धी गर्न सहजिकरण गरिनेछ। साथै बाली र पशु बिमा गर्न कृषकहरुलाइ थप प्रोत्साहन गरिनेछ। विउ तथा मलको उपलव्धतालाई प्राथमिकता दिइनेछ।
- अर्गानिक खेतीमा जोड दिइ अर्गानिक भान्सालाइ प्रोत्साहन गरिनेछ।साथै स्थानिय उत्पादकको विक्रि वितरणमा सहजता तथा प्रचार प्रसारको लागि स्थानिय स्तरमा **हाटबजार संचालनको** प्रक्रिया अगाडी वढाइनेछ।
- गौमुखी गाउँपालिका भित्रका ऐतिहासिक, धार्मिक, पुरातात्विक एवम् पर्यटकीय स्थलहरुको पहिचान गरी रोष्टर तयार गरिनेछ।गौमुखीको विकासको लागी गुरुयोजना तयार गरिनेछ।गौमुखीलाई प्रदेश सरकारबाट पर्यटकीय क्षेत्र घोषणा गराउन विशेष पहल गरिनेछ।पर्यटकीय पुर्वाधारहरुको विकास गरिनेछ।
- गौमुखी क्षेत्रमा पर्यटकहरुको आकर्षणको लागि पर्यटकहरुलाई स्थानिय उपहार प्रदान गर्ने अभियान थालनि गरिने छ।
- राष्ट्रिय बन संरक्षणको उपायहरु अवलम्वन गरिने साथै संरक्षित क्षेत्रको घोषणा गर्न पहल गरिनेछ।
- बनको बैज्ञानिक व्यवस्थापन र बहुउपयोगको नीति लिइनेछ। अतिक्रमित बन क्षेत्र फिर्ता, डढेलो नियन्त्रण र चोरी निकासी नियन्त्रणको लागी समुदायसँग सहकार्य गरिनेछ। बनक्षेत्रबाट उठ्ने राजस्वमा सामुदायिक बन उपभोक्ता समूहसँग सहकार्य गरिनेछ।जडीबुटी तथा सुगन्धित वनस्पतिको संरक्षण, अनुसन्धान तथा समुचित उपयोगलाई प्रोत्साहान गरिनेछ। भू संरक्षण गर्न खाली जग्गाहरुमा वृक्षारोपण गरिनेछ। बनसँग सम्वन्धित संघसंस्थाहरुको निगरानी बढाइनेछ।
- कृषी, बन तथा जरिबुटीमा आधारित उद्योगहरुको विकासका लागि आवश्यक सहयोग गरिनेछ।आन्तरिक उत्पादनलाइ प्रोत्साहन गर्न मेला प्रर्दशनीमा उत्पादनको बजारिकरणमा जोड दिइनेछ।
- घरेलु उद्यम संञ्चालन र सञ्चालित उद्यमहरुलाइ प्रोत्साहन गरिनेछ।
- प्लाष्टिकजन्य पदार्थको उपयोगलाई निरुत्साहित गरिनेछ। दिगो विकासको मान्यता अनुरुप गाउँपालिकाबाट संचालन हुने विकास योजनालाई वातावरणमैत्री बनाइनेछ।
- यातायातको विकासले गर्दा बस्तीबाट विद्यालयसम्मको दुरी छोटो भएको सन्दर्भमा विद्यालयहरु मर्जको नीति अबलम्बन गरिनेछ।गौमुखी माध्यमिक विद्यालय, ठूलाबेसीलाई नमूना विद्यालय बनाइनेछ।यसका लागी आवश्यक भौतिक पुर्वाधार, शैक्षिक सामाग्री, तालिम , विद्यालयको संस्थागत क्षमता अभिवृद्धि, जनशक्ति व्यवस्थापन र अनुशासित शैक्षिक वातावरण निर्माणको लागी विद्यालयसँग सहकार्य गरिनेछ। अन्य विद्यालयलाइ प्राविधिक शिक्षाको लागि प्रदेश सरकारमा पहल गरिनेछ।
- गाउँपालिकाभित्र क्याम्पस स्थापनाको लागि आवश्यक अध्ययन प्रारम्भ गरिनेछ। साथै गाउँपालिकामा रहेका माध्यमिक विद्यालयहरुलाई स्तरवृद्धि गर्ने तर्फ पहल चालिनेछ।
- यसपालिका भित्र सक्रिय सबै राजनैतिक दल, संघ संस्था, अभिभावक,सम्पुर्ण सरोकारवाला तथा बुद्धिजिविहरुको भेला बोलाई कुनै पनि बहानामा विद्यालयलाई बन्द नगराउने प्रतिबद्धता गराउन पहल गरिनेछ।

- आर्थिक रुपले विपन्न, पिछडिएको जातजाती र समुदायका बालबालिकाहरुलाई विद्यालयसम्म ल्याउन र टिकाउनको लागी छात्रवृत्ति प्रदान गरिनेछ। आर्थिक अभावकै कारण कुनै पनि बालबालिका माध्यमिक तहसम्मको शिक्षाबाट बञ्चित हुने अवस्थालाई पुर्णत निर्मुल पारिनेछ।
- मानव विकासको मुल आधार शिक्षा हो। सामुदायीक विद्यालयबाट प्रदान हुने शिक्षाको गुणस्तर अभिवृद्धि गर्न विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र सम्बन्धित विद्यालयका प्रध्यानध्यापकलाई विद्यालय सुधारको कार्ययोजना बनाउन लगाई कार्यसम्पादन सम्झौता गरिनेछ। साथै विध्यालयको व्यवस्थापकीय तथा प्रशासनिक सुधारको आवश्यक कार्य गरिनेछ। शिक्षकहरुको शिक्षण क्षमता अभिवृद्धि गर्न तालिम संचालन गरिनेछ। विद्यालयमा कार्यरत शिक्षकहरुको नियमित हाजिरी र उपस्थिति, अनुशासन, काम प्रतिको लगाव तथा इमानदारिता र शिक्षाको गुणस्तर अभिवृद्धि गर्न गरेको प्रयत्नको निरन्तर अनुगमन तथा मुल्याङ्कन गरि दण्ड र पुरस्कारको नीति अबलम्बन गरिनेछ। साथै गाउँपालिका अनदान, बालविकास, विद्यालय कर्मचारी तथा सहयोगीहरुलाई प्रोत्साहन गर्ने निति अवलम्वन गरिने छ।
- प्रति विद्यार्थी अनुदान र बाल विकास शिक्षक अनुदान कोटा लाई आगामी आर्थिक बर्षमा पनि निरन्तरता दिइनेछ। पुरा हुन बाँकी रहेका विद्यालयका भौतिक संरचनालाई पुरा गरिनेछ। माध्यमिक विद्यालयहरुमा बर्षै भरि सेनेटरी प्याड उपलब्ध हुने व्यवस्था मिलाइनेछ। विद्यालयमा शुक्रबार अतिरिक्त क्रियाकलाप संचालनलाई अनिवार्य गरिनेछ।
- कक्षा ८ को गाउँपालिका स्तरीय परिक्षा संचालनमा भएका कमीकमजोरीबाट पाठलिई यसलाई अत्यन्तै निष्पक्ष, मर्यादित, व्यवस्थित र अनुशासित बनाइनेछ।
- पालिकास्तरमा उत्कृष्ट, जेहेन्दार, अति विपन्न विद्यार्थीहरुलाई **इन्जिनियर, एमविविएस डाक्टर र स्टाफ नर्स पढ्नको लागि लाग्ने खर्चको ५० प्रतिशत** रकम गाउँपालिकाले लगानि गर्ने निति अवलम्वन गरिने छ। अध्ययनपश्चात केही वर्ष गाउँपालिकामा सेवा गर्न अनिवार्यता गरिनेछ।
- गाउँपालिकास्तरमा भएको शैक्षिक गतिविधिहरुको आधारमा उत्कृष्ट शिक्षक तथा विद्यार्थीहरुलाई पुरस्कृत गरिने छ।
- गाउँपालिकाको शिक्षा ऐनको मर्मको मर्मलाई मुर्त रुप दिन आवश्यक निति निर्माण गरि ऐन कार्यान्वयनमा जोड दिइने छ।
- गाउँपालिकास्तरमा एउटा **नमुना पुस्तकालय संचालनको** प्रक्रिया अगाडी बढाइने छ।
- भलिबल खेलको माध्यमबाट यस गाउँपालिकालाई राष्ट्रिय स्तरमा चिनाउन यसको प्रबर्धन गरिनेछ। साथै भलिबल तथा अन्य खेलमैदान निर्माण, खेल सामाग्री व्यवस्थापन, खेलाडीलाई प्रोत्साहान, सवै वडाहरुमा वडा स्तरिय नियमित प्रतियोगिता संचालन लगायतका खेलकुद कार्यक्रम संचालन गरिनेछ।
- स्वास्थ्य क्षेत्रको सुधार एवम् विकासका लागी गाउँपालिकामा रहेको स्वास्थ्य शाखा साथै मातहातका सवै स्वास्थ्य संस्थाहरु, गाउँघर क्लिनिक, खोप क्लिनिक, महिला स्वास्थ्य स्वयं सेविका, स्वास्थ्य आमा समुह सवैको उचित परिचालन एवम् क्षमता विकास र सुधार गर्दै गुणस्तरिय स्वास्थ्य सेवा प्रत्याभुत गराइ विषयगत कार्यक्रम एवं संघ संस्थाहरुको उचित तादम्यता कायम राख्दै सहकार्य एवम् समन्वयमा वृद्धि गर्दै लगिने छ ।
- वाल स्वास्थ्य तथा मातृ शिसु स्वास्थ्य सेवाको निरन्तरता गरी पुर्ण गर्भ जाँच तथा पुर्ण संस्थागत सुत्केरी अभियानमा तथा उत्तर प्रसुति सेवालाई विषेश जोड गरी पुर्ण संस्थागत सुत्केरी वडा तथा पालिका घोषणा गर्दै लगिने छ। साथै संस्थागत सुत्केरी प्रोत्साहन तथा मातृ शिशु स्वास्थ्य सुधारको लागि **सुत्केरीसँग पौष्टिक आहार प्याकेज कार्यक्रम** संचालन गरिने छ।

- गाउँपालिकास्तरमा रहेको चिकित्सकिय सेवालाई निरन्तरता दिइने छ। साथै **घरदैलोमा डाक्टर कार्यक्रम संचालन गरी घर घरमा चिकित्सकिय** सेवाको पहुँचमा पुर्याइने छ।
- आधारभुत स्वास्थ्य शेवा केन्द्र र आवश्यकता अनुसार सामुदायिक स्वास्थ्य इकाइहरुमा सुरक्षित प्रसुति सेवा विस्तार गरिदै लगिने छ । साथै सेवा केन्द एवम् इकाइहरुको आवश्यकता अनुसार भोतिक संरचना निर्माण तथा सेवा विस्तार गरिनेछ।
- आयूर्वेद स्वास्थ्य सेवा कार्यक्रम संचालन गरिनेछ ।साथै आयूर्वेद स्वास्थ्य आरोग्य केन्द्र स्थापना गर्न आवश्यक पहल गरिने छ। नियमित रुपमा वडाहरुमा आयूर्वेद शिविर संचालन गरिने छ।
- विद्यालय जाने नजाने किशोर किशोरीहरुको साथै प्रजनन् उमेर समुहका महिलाहरुको यौन तथा प्रजनन् सुधारका लागी प्रथामिकताका साथ कार्यक्रम सन्चालन गरिने छ ।
- कोरोना संक्रमणको महामारीले गर्दा समाजमा आर्थिक, सामाजिक, व्यक्तिगत रुपमा देखिएका समस्याका कारण उत्पन्न तनाव तथा डिप्रेशनलाइ कम गर्न मनोसामाजिक मनोविमर्श सेवा संचालन गरिनेछ ।
- स्वच्छ तथा सुरक्षित पिउने पानीको उपलब्धतामा विषेश जोड गरिनेछ ।पुर्ण सरसफाई तथा आनिबानी परिवर्तन तर्फ उन्मुख हुनेछ ।
- निःशुल्क अत्यावश्यक औषधि तथा स्वास्थ्य जन्य औजार उपकरण भण्डारणको लागी पालिकाको आफ्नै मेडिकल स्टोर स्थापना गरि ब्राहै महिना निःशुल्क अत्यावश्यक औषधिको उपलब्धता सुनिश्चितता गरिने छ।
- आगामी आर्थिक बर्षहरुमा यस गाउँपालिकालाई बालमैत्री, अपाङ्गमैत्री, बालश्रममुक्त, बालविवाहमुक्त, छुवाछुतमुक्त, पुर्ण साक्षर, पुर्ण सरसफाइयुक्त, घरेलुहिंसामुक्त पालिका घोषणा गरिनेछ।यसको लागी गाउँपालिका स्तरीय, वडा स्तरीय र समुदाय तथा बस्ती स्तरमा विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।मदिरा नियन्त्रण सम्बन्धी कार्यविधिको कडाईका साथ कार्यान्वयन गरिनेछ। मदिराको विक्रि वितरण तथा सेवनलाई नियमित अनुगमन गरी व्यवस्थित गरिनेछ।
- महिला, अपाङ्ग, दलित, जनजाती, जेष्ठ नागरिक र आर्थिक तथा सामाजिक रुपले पिछडिएका वर्ग समुदायको जीवनयापनमा सुधार ल्याउन सशक्तिकरण, सीप विकास, आयआर्जन तथा रोजगारमूलक कार्यक्रम संचालन गरिनेछ।आरन, सिलाई कटाई, डोको नाम्लो बुन्ने, कुटानी पिसानी गर्ने मिल जस्ता गाउँघरमा अत्याआवश्यक परम्परागत पेशालाई आधुनिकरण, व्यवसायीकरण गरी सम्मानजनक पेशा बनाउन प्रोत्साहान गरिनेछ।
- जेष्ठ नागरिकहरुलाई लक्षित गरी प्रत्येक वडामा दिवा सेवा केन्द्र स्थापना गरिनेछ।दिवा सेवा केन्द्रमा जेष्ठ नागरिकहरुलाई बत्ति काट्न लगाउने, टपरी खुट्ने, डोको नाम्लो बुन्ने, मुढा बनाउने, अचार बनाउने जस्ता आयआर्जनमूलक कार्यमा लगाइनेछ। एकल पुरुषको लागि सहयोग गर्ने कार्यक्रम संचालन गरिने छ।
- **गाउँपालिकाको आवधिक योजना, सडक गुरुयोजनाले** तय गरेका निति तथा कार्यक्रमको आधारमा यातायातको सुविधासँगै कृषी, पर्यटन प्रवर्द्धन तथा आन्तरिक आयमा टेवा पुर्याउने खालका सडकको दिगो व्यवस्थापनमा जोड दिइनेछ।साविकका सडकहरु आवश्यक वर्गिकरण गरि मर्मत संहार, स्तरोन्नती पुर्ननिर्माणको निति लिइनेछ। साथै सडक क्षेत्रको नयाँ नक्साङ्कन गरी निजी जग्गाहरुको लगत कट्टा गरिनेछ।
- गाउँपालिकामा रहेका पुराना बाटोहरुको मर्मत संहार गर्न पालिकाले आफ्नै मेशिनको व्यवस्था गर्नेछ।

- भौगोलिक रुपमा विकट बस्तीका समुदाय लाभान्वित हुने गरि झोलङ्गे पुलहरुको लागत संकलन गरि प्राविधिक संभाव्यता र प्राथमिकताको आधारमा मुख्य बाटोहरुमा पुल निर्माण तथा मर्मत संहार गर्ने निति लिइनेछ।
- गाउँपालिका स्तरिय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गरिने छ। दिगो विकास लक्ष्य अन्तर्गत **एक घर एक धारा** को नितिलाइ अवलम्वन गर्दै वडाहरुमा खानेपानीका योजना संचालन गरिने छ। साथै पूर्ण सरसफाइ अभियान संचालन गरि गाउँपालिकालाइ पूर्ण सरसफाइ गाउँपालिका घोषणा गर्ने तर्फ अग्रसर गराइनेछ।
- गाउँपालिकाले तीन बर्षभित्र सबै जनतालाई आधारभूत खानेपानी र विद्युत पुर्याउने अठोट लिएको छ। उक्त अठोट हासिल गर्न खानेपानी संकल्प कार्ययोजना एवम् विद्युत संकल्प कार्ययोजना तयारी गरी कार्यान्वयन गरिनेछ।
- सुरक्षित यात्रालाई प्राथमिकता दिई सडक सुरक्षा अडिटको शुरुवात गरिनेछ। गाउँपालिकाभित्रका मोटरबाटोहरुको सुरक्षा जाँच गरिनेछ। आगामी आर्थिक बर्षदेखी विद्यालय तथा बजारमा हर्न निषेधित क्षेत्र घोषणा गरिनेछ। गाउँपालिकाभित्रका यातायात व्यवसायीसँग अन्तरक्रिया कार्यक्रम गरी सार्वजनिक भाडा दर कायम गरिनेछ। यातायात व्यवसायीले अपाङ्ग, जेष्ठ नागरिक, विद्यार्थी, महिलालाई कानूनबमोजिम उपलब्ध गराउनुपर्ने छुट तथा सुविधाका सम्बन्धमा सरोकारवालाहरु बीच अन्तरक्रिया कार्यक्रम गरी छुट तथा सुविधा उपलब्ध गराउन यातायात ब्यवसायीलाई सार्वजनिक प्रतिबद्धता गराइनेछ। सेवाग्राहीहरु वडा कार्यालयबाट गाउँपालिकाको केन्द्र आउन र केन्द्रबाट वडाका बस्तीमा जान नीजि बाइकवाला र गाडीवालाको सूची तयार गरी सहुलियत दरमा यातायात सुविधाको प्रबन्ध गरिनेछ।
- गाउँपालिकाभित्र पर्ने मुल सडक, मुल सडकबाट वडा कार्यालय, एउटा वडाबाट अर्को वडा ,मुल सडकबाट मुख्य बस्ती तथा मुख्य बस्तीबाट सहायक बस्ती जोड्ने बाटो नजिक भवन संरचना निर्माण गर्दा सडकको बीचभागबाट छोड्नुपर्ने जग्गाको मापदण्ड तोकिनेछ। साथै सडकलाई असर पर्ने गरी सडकछेउ रहेका ढुङ्गा तथा अन्य सामग्रीहरु निकाल्न प्रतिबन्द लगाइने छ।
- सडक तथा भौतिक निर्माणका कामहरुमा आवश्यकताको आधारमा श्रममुलक प्रविधिको प्रयोग गरी गाउँमा रोजगारी उपलव्ध गराउने निति अवलम्वन गरिने छ।
- विपद् व्यवस्थापनलाई प्राथमिकता दिनुको साथै चटयाङ्ग प्रतिरोधी अभियान संचालन गरिनेछ। बर्षा तथा बाढीमापन यन्त्र जडान गरिनेछ। प्रत्यके वडामा कम्तीमा ३० जनाको विपद् प्रतिकार्य टोली गठन गरी तालिम दिइनेछ। प्रत्येक वडामा हेलिप्याड निर्माण गरिनेछ।
- **दिगो विकासको अवधारणा** अनुरुप वातावरण संरक्षण सम्वन्धी कार्यक्रम संचालन गरिने छ। गाउँपालिकास्तरमा रहेका खालि वन तथा चरनहरुमा वृक्षारोपन गर्ने अभियान संचालन गरिने छ। साथै खालि रहेका निजि जग्गाहरु तथा चरिचरनहरुमा वृक्षारोपन गर्नुपर्ने कुरा जोड दिइने छ।
- गाउँपालिकाबाट निर्माण गरिने सबै भवन संरचनालाई अपाङ्गमैत्री बनाइनेछ। स्थानीय निर्माण सामाग्री प्रयोग गरी स्थानीय मौलिक कला, परम्परा र संस्कृति झल्काउने घरलाई प्रोत्साहित गरिनेछ। गाउँपालिका अन्तर्गत रहेका सरकारी भवन संरचनाको मर्मत सम्भार र सुधारलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकाको सिँचाई गुरुयोजना तयार गरी सिँचाई प्रर्वद्धन गरिनेछ। पुराना सिँचाई संरचनाको नियमित मर्मत सम्भार, दिगो व्यवस्थापन तथा उपयोग गरिनेछ। पानीको मुल, पूराना पोखरी र तालको संरक्षण गरिनेछ। एक गाउँ एक पोखरी निर्माण कार्यक्रम संचालन गरिनेछ।
- योजनाबद्ध नदी नियन्त्रण तथा व्यवस्थापनको लागि गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ।

- गाउँपालिकाभित्रको अर्थतन्त्र, जनसंख्या, जग्गा जमिन तथा सम्पत्ति, लक्षित वर्ग जाती तथा समुदाय, प्राकृतिक स्रोत साधन लगायतको तथ्थांक संकलन तथा प्रशोधन गरी उपयोग गरिनेछ। तथ्थाङ्क संकलन र प्रशोधनमा सूचना प्रविधिको अधिकतम उपयोग गरिनेछ।
- विभिन्न जातजातिहरुको परम्परागत पहिरन, लोपोन्मुख भाषा संरक्षण र पोशाकको संरक्षण गर्दै सफा पहिरन, हाम्रो पहिचान कार्यक्रम संचालन गरिनेछ। पर्यटन प्रबर्धनका लागि होम स्टेको व्यवस्था गर्न प्रोत्साहन गरिनेछ।
- लक्षित समुहहरुलाई योजना प्रकृयामा अर्थपूर्ण सहभागी गराइ क्षमता तथा आर्थिक विकास गर्दै सशक्तिकरणमा जोड दिइने छ।
- एकल महिलाको सुरक्षा, संरक्षण र रोजगारीमुलक तालिमलाई विशेष जोड दिइने छ।
- लैङ्गिक समानता, सामाजिक समावेशिकरण, महिला सशक्तिकरणको माध्यमबाट महिलामाथी हुने घरेलु हिंसा तथा लैंगिक हिंसामा कमि गराई महिलाहरुको सीप विकास, अधिकारमा सचेतना वृद्धि र हरेक तहमा महिलाको नेतृत्व क्षमतामा वृद्धि गरिनेछ। सो कार्यका लागि आवश्यक मनोसामाजिक परामर्श पद्धतिको प्रयोग गरिनेछ।
- बालबालिका सम्बन्धी योजना तर्जुमा, बजेट र कार्यक्रम कार्यान्वयनमा बाल सहभागितालाई प्राथमिकता दिइने छ।
- सबै वडाहरुमा इन्टरनेटको सुविधा पुऱ्याई व्यक्तिगत घटना दर्तालाई अनलाईन बनाइनेछ।
- सेवा प्रवाहरुलाई चुस्त दुरुस्त, पारदर्शी र विश्वसनिय बनाउदै सुशासन कायम राख्न नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, गुनासो सुन्ने र सूचना प्रवाहीकरणलाई प्रमावकारी गराइनेछ।
- उपभोक्ता समितिको क्षमता विकास सम्बन्धी तालिम कार्यक्रम संचालन गरी उपभोक्ता मार्फत हुने निर्माण कार्यलाई गुणस्तरीय, व्यवस्थित र प्रभावकारी बनाइनेछ। साथै उपभोक्ताहरुले संचालन गरेका योजनाको छनोट, कामको गुणस्तर, समितिको सक्रियता तथा श्रमदानको आधारमा **उत्कृष्ट उपभोक्ता समितिलाई पुरस्कृत** गरिने छ।
- न्यायीक समितिको क्षमता विकासको लागी कार्यक्रम संचालन गरिनेछ। न्यायीक इजलासको स्थापना गरिनेछ। प्रत्येक वडामा मेलमिलापकर्ता सूचिकृत गरिनेछ। साथै मेलमिलापकर्तालाइ प्रोत्साहन गरिनेछ।
- पालिकाभित्रका सबै बस्तीहरुमा गुणस्तरीय टेलिफोन सेवा उपलब्ध गराउन संघ, प्रदेश र नेपाल टेलिकमसंग आवश्यक समन्वय र सहकार्य गरिनेछ। पालिकाका सबै बस्तीहरुमा इन्टरनेट सुविधा पुरयाउन आवश्यक पहल गरिनेछ। संचार माध्यमहरुको स्थापना गर्न आवश्यक पहल तथा प्रोत्साहन गरिनेछ।
- बसपार्क, डम्पिङ् साइड, कपर्डहल बनाउनको लागि जग्गा प्राप्त गर्न प्रोत्साहन गरिनेछ।
- गाउँपालिका स्तरीय तालिम केन्द्रको स्थापना गरिनेछ। यस मार्फत जनप्रतिनिधि, कर्मचारी, शिक्षक तथा सबै गौमुखीबासी जनतालाई क्षमता विकास, सीपमूलक तथा जनचेतना अभिवृद्धिका तालिम कार्यक्रमहरु बर्षैभरी संचालन गरिनेछ।
- गौमुखी गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता समितिका पदाधिकारी, शिक्षक तथा सरकारी कोषको रकम उपयोग गर्ने सबैमा सदाचारिता, इमान्दारिता, मितव्ययीता, निश्पक्षता, कर्तव्यनिष्ठता र पारदर्शिता संस्कार र संस्कृतिको विकास गरिनेछ। कर्मचारीलाई कामप्रति उत्प्रेरित गर्न मौद्रिक तथा गैर मौद्रिक सुविधाहरु उपलब्ध गराइनेछ। सकारात्मक सोच विकासको लागी तालिम संचालन गरिनेछ। भष्टचार र अनियमिततालाई कडाइका साथ निगरानी र दण्डित गरिनेछ।

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगारहरुको तथ्याङ्क अध्यावधिक गर्ने तथा वढी भन्दा वढी रोजगार सृजना गर्ने खालका योजनाहरु संचालन गरिनेछ ।
- गौमुखी गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी गाउँपालिकाको दरबन्दी संख्या एकिन गरिनेछ। स्थानीय सेवा सम्बन्धी कानूनको तर्जुमा गरिनेछ। कानून बमोजिम प्रदेश लोकसेवा आयोग मार्फत कर्मचारीको स्थायी पदपुर्ति गरिनेछ।
- गाउँपालिकाको आन्तरिक सुरक्षा व्यवस्थामा सहयोगको लागि नगर प्रहरीको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको आवश्यक भौतिक संरचना निर्माण गरिने छ।
- गाउँपालिकाको विद्युतीकरणको संजाल घर घरमा पुर्याउनको लागि आवश्यक पहल गरिने छ। भने स्थानिय स्तरमा संचालनमा रहेका लघु जलविद्युत योजनालाई आवश्यक मर्मत संहार गर्ने र नयाँ बन्न सक्ने योजनाहरुको सम्भावनाको खोजी गरि योजना निर्माणको लागि आवश्यक कदम चालिने छ।
- गाउँपालिका अन्तर्गत अनुगमन मुल्याङ्कन शाखाको स्थापना गरी गाउँपालिकाबाट संचालन हुने विकास योजना, गाउँपालिका अन्तर्गतका कार्यालय, संघ संस्था, विद्यालयहरुको निरन्तर प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गरी दण्ड र पुरस्कारको नीति अबलम्बन गरिनेछ।
- गाउँपालिकाबाट संचालन हुने सेवालाइ घर घरमा पुर्याउन विभिन्न घुम्ति शिविरहरु संचालन गरिने छ।
- यो नीति तथा कार्यक्रम ***समृद्ध गौमुखी, खुसी गौमुखीबासी*** जनताको दीर्घकालीन सोचमा आधारित छ। यस निति तथा कार्यक्रम तर्जुमाको सिलसिलामा आफ्नो अमूल्य सुझाव तथा सहयोग प्रदान गर्नुहुने सबै राजनैतिक दल, जनप्रतिनिधि, समाजसेवी, बुद्धिजिवी, पत्रकार, संघ संस्थाका प्रतिनिधि, शिक्षक, कर्मचारी लगायत सम्पुर्ण गौमुखीबासी नागरिकहरु प्रति हार्दिक आभार प्रकट गर्दछु। यो नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि स्थानीय सरकारको नेतृत्वमा सबै सरोकारवालाहरुको सक्रिय सहयोग तथा सहभागिता रहने विश्वास सहित यो सम्बोधन यहिँ अन्त्य गर्दछु।

  धन्यवाद ।

  **जय गौमुखी ।**